Email ID:
tilathikoiladigp@gmail.com

# तिलाठी कोईलाडी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी

प्रदेश नं. २, नेपाल

मिति : २०७७.०६.१४

प.सं. :- ०७७/०७८
च.नं. :- २५४

खाँडो खोलाको दुवै बाँध भित्रको विवादित जग्गाका जग्गाधनीहरुको लागि अनुदान सम्बन्धी आवेदन पेश गर्ने बारे सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७७.०६.१४ गते)

उपरोक्त सम्बन्धमा तिलाठी कोइलाडी गाउँपालिकाको चौथो गाउँ सभाबाट खाँडो खोलालाई सिधा हुने गरी निर्माणाधिन पूलसम्म लैजान (हाल बगिरहेको ठाउँ र साबिकको धारको बीच भागमा पर्ने नम्बरी जग्गा (विवादित जग्गा) को उचित राहत मुआब्जाका लागि गाउँपालिकाबाट संघीय सरकार, प्रदेश सरकार, संघीय साँसद तथा प्रदेश सभा सदस्यहरुसँग छलफल गरी संघ तथा प्रदेश सरकारसँग उचित राहत मुआब्जा दिलाउन गाउँपालिकाले प्रयास गर्ने तथा उक्त विवादित नम्बरी जग्गाको लागि गाउँपालिकाबाट त्यस्ता जग्गाधनीहरुलाई कृषि कार्य पशुपालन कार्यका लागि दामासाही हिसाबले प्रति कठ्ठा अनुदान सहयोग उपलब्ध गराइने भनी निर्णय भएको हुँदा सो निर्णय बमोजिम यो सूचना प्रकाशित गरिएको हो । उक्त निर्णय बमोजिम त्यस्ता जग्गाधनीहरुलाई आफूले गर्ने कृषि कार्य पशुपालन कार्यहरुको विवरण पेश गर्नको लागि मिति २०७७.०५.३० गते प्रकाशित सूचना बमोजिम मिति २०७७.०६.१४ गतेसम्म निवेदन पेश गर्न म्याद दिइएकोमा उक्त समयलाई थप गरि मिति २०७७ असोज मसान्तसम्म निवेदन दिने म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । समयभित्र पेश नगरेको निवेदनमाथि कुनै कारबाही हुने छैन । अन्य जानकारीको लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२०७७/०६/१४

केशव कुमार झा
प्रमुख प्रशासकीय अधिकृत